आज मिति २०७१ साल पौष २९ गते मंगलबाका दिन, नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (स्थानीय निकाय सहयोग शाखा) को प.सं. २०६८/०६९ च.नं. २७३ मिति २०६८/९/२० को प्राप्त पत्रानुसार प्रमुखको समेत भूमिका निर्वाह गर्दै आउनु भएका धनगढी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री रामलाल श्रेष्ठको अध्यक्षतामा (नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछिका) यस धनगढी नगरपालिकाको एघारौं नगर परिषदको बैठक देहायका पदाधिकारी एवं महानुभावहरूको उपस्थितीमा बसी निम्न अनुसारका निर्णयहरू गरियो ।

<u>उपस्थिती</u>

## <u>एघारौं नगर परिषद बैठकका निर्णयहरु</u>

**निर्णय नं. १.** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९४ (१) (क) र दफा १३० बमोजिम धनगढी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृतले आजको एघारौं नगर परिषदको बैठकमा पेश गर्नु भएको धनगढी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७२/०७३ को वार्षिक बजेट, योजना तथा कार्यक्रमहरू सहित तपसिलका विवरणहरूलाई पारित गर्ने निर्णय गरियो । (त्यसको विस्तृत विवरणहरू रहेको अनुसूचिलाई यसै निर्णय पुस्तिकामा टाँस गरिएको छ ।)

- क) गत आर्थिक वर्ष २०७०/०७१ को यथार्थ आय-व्ययको विवरणहरू ।
- ख) चालु आर्थिक वर्ष २०७१/०७२ को ०७१ श्रावण देखि ऐ मार्ग मसान्त सम्मको यथार्थ आय-व्यय विवरणहरू ।
- ग) चालु आर्थिक वर्ष २०७१/०७२ को रू. १६,४५,०२,८४८।१५ को संशोधित आय-व्यय अनुमान विवरणहरू ।
- घ) चालु आर्थिक वर्ष २०७१/०७२ को संशोधित वार्षिक योजना तथा कार्यक्रमहरू ।
- ङ) आगामी आर्थिक वर्ष २०७२/०७३ को बजेट वक्तव्य मार्फत प्रस्तुत नीति तथा कार्यक्रमरू ।
- च) आगामी आर्थिक वर्ष २०७२/०७३ को लागि रू. १८,५२,२७,२५०।- (अठार करोड बाउन्न लाख सत्ताइस हजार दुई सय पचास) को वार्षिक आय-व्यय अनुमानका विवरणहरू ।
- छ) आगामी आर्थिक वर्ष २०७२/०७३ को वार्षिक योजना तथा कार्यक्रमहरू सहितको नगर विकास योजना ।

**निर्णय नं. २ :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९४ (१) (ख) बमोजिम धनगढी नगरपालिका कार्यालयको राजश्व संभाव्यता अध्ययन प्रतिवेदन, स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम ११८ (क) बमोजिम गठित धनगढी नगरपालिका, नगर स्तरीय राजश्व परामर्श समितिको विभिन्न मितिहरूमा बसेको बैठकबाट प्राप्त परामर्श एवं सुझावहरू र एकीकृत सम्पत्ति करदर पुनर्मूल्यांकन समितिको सिफारिसद्वारा नगरपालिकाद्वारा आगामी आर्थिक वर्ष २०७२/०७३ को लागि प्रस्ताव गरिएको निम्नानुसारको कर, दस्तुर, शुल्कका दरहरूलाई पारित गर्ने निर्णय गरियो ।

क) एकीकृत सम्पत्तिको मूल्यांकनको लागि कायम गरिएको नयाँ दरका विवरणहरू ।
ख) व्यवसाय कर दरहरूको विवरणहरू (संशोधन सहित)
ग) सेवा शुल्क दस्तुरका दरहरूको विवरणहरू (संशोधन सहित)
घ) सिफारिश दस्तुरका विवरणहरू (संशोधन सहित)
ङ) घर नक्सा पास दस्तुरका विवरणहरू (संशोधन सहिन)
च) नगरपालिका कार्यालय भवन अगाडि रहेको व्यावसायिक पसल भवनको लागि न.पा. वोर्डको मिति २०७०/७/१३ को निर्णयानुसार कायम गरिएको भाडा दरको विवरणहरू ।

उपरोक्त संशोधित दररेट र करका दायरा क्षेत्रहरू आगामी आ.व.को शुरूदेखि लागु हुनेछन् भने एकीकृत सम्पत्ति करको मूल्यांकन प्रयोजनका लागि नया कायम गरिएको दर बाहेक अन्या नयाँ दररेट चालु आ.व. देखि लागु हुनेछन् । (यसको विस्तृत विवरणहरू रहेको अनुसूची यसैमा टाँस गरिएको छ ।)

**निर्णय नं. ३ :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९४ (१) (ग) बमोजिम धनगढी नगरपालिकाको शहरी भौतिक, सामाजिक तथा आर्थिक (आय आर्जन हुने प्रकृतिका) पूर्वधार विकासको लागि आवश्यकतानुसार नगर विकास कोषबाट ऋण लिनको लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजक गर्ने र अुनमोदनका लागि त्यसपछिको नगर परिषद्को बैठकमा पेश गर्नुपर्ने निर्णय गरियो । साथै यस अघि नगर विकास कोषबाट Revolving Fund मार्फत ध.न.पा. वडा नं. ४ स्थित रातोपुल देखि माछापुच्छ्रे बैंक सम्मको नालीमा ढक्कन राख्ने आयोजनाको लागि प्राप्त हुने ऋण सहयोगको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस धनगढी नगरपालिका कार्यालयको गत आ.व. २०७०/०७१ को अन्तिम लेखापरीक्षण गर्नका लागि यस नगरपालिका बोर्डको मिति २०७१/६/२७ को निर्णयानुसार नियुक्त रजिष्टर्ड लेखापरीक्षक वर्ग (ख) का श्री गोविन्द राज जोशी, धनगढी कैलाली (Regd. Auditor-2100B) को नियुक्तिलाई अनुमोदन गर्दै निज लेखापरीक्षकबाट मिति २०७१/९/२७ गते प्राप्त हुन आएको यस नगरपालिकाको आ.व. २०७०/०७१ को लेखापरीक्षण प्रतिवेदन आजको बैठकमा पेश भै छलफल भयो र उक्त प्रतिवेदनले औंल्याएका टिप्पणी एवं सुझावहरूलाई मनन गरी कार्यान्वयन गर्न नगरपालिका कार्यालयलाई निम्नानुसार निर्देशनहरू दिन निर्णय गरियो ।

क) बेरूजु रकम मध्ये असुल गर्नुपर्नेको हकमा तत्कालै असुल गर्ने र नियमित गर्नुपर्नेको हकमा प्रमाण कागज संकलन गरी गराई सम्परीक्षण गर्ने गराउने प्रक्रिया अगाडि बढाई बेरूजु शुन्य गराउने ।
ख) गत विगत वर्षहरू देखि बाँकी बक्यौता रहेका पेश्कीहरूलाई कडाइका साथ फछ्र्यौट गर्न लगाउने र पेश्की दिने काममा रोक लगाउने ।
ग) नगरपालिकाको आयलाई Cash Basis मा लेखांकन गरिएकोमा अब Accural Basis मा लेखांकन गरिनुपर्ने ।
घ) बेरूजु नआउने गरी आर्थिक कारोबार गर्न ध्यान दिनुपर्ने ।
ङ) व्यवसाय करको बक्यौता उठ्न बाँकी रकम असुली गर्नतर्फ विशेष ध्यान दिनुपर्ने ।

**निर्णय नं. ५** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३५ (२) बमोजिम धनगढी नगरापलिका कार्यालयको चालु आ.व. २०७१/०७२ को अन्तिम लेखापरीक्षण गर्नका लागि दर्तावाल लेखापरीक्षणको नियुक्ति गर्ने सम्बन्धी अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : यस धनगढी नगरपालिका कार्यालयको लागि साविकको नगरपरिषदको बैठकबाट स्वीकृत भएका संगठन स्वरूप, कर्मचारीको दरबन्दी विवरणलाई यथावतै कायम राखी स्वीकृत दरबन्दी अनुसार नेपाल सरकारले निर्धारित गरे अनुसारको तलब भत्ताको आधार बमोजिम चालु आ.व. २०७१/०७२ को वार्षिक तलबी प्रतिवेदनलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** : धनगढी नगरपालिका, पदपूर्ति समितिको चालु आ.व. २०७१/०७२ को २०७१ साल पौष २७ गते सम्म भएका कामहरूको प्रगति विवरण सहितको प्रतिवेदन आजको बैठकमा पेश भै उक्त प्रतिवेदनलाई अनुमोदन गर्ने र करार सेवा मार्फत प्राविधिक कर्मचारीहरूको पदपूर्ति सम्बन्धी प्रकाशित सूचना विज्ञापन कारवाही अगाडि बढाउन उक्त समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८** : यस धनगढी नगरपालिका कार्यालयको स्वीकृत दरबन्दी अन्तरगतका पदहरूमा कार्यालयको आवश्यकताको आधारमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५२ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१७ बमाजिम योजना सम्बन्धी प्राविधिक कार्य, स्वास्थ्य, विद्युत, खानेपानी, फोहरमैला व्यवस्थापन, कार्यालय सुरक्षा हेरचाह आदि जस्ता प्राविधिक कार्यहरूको सेवा करार सेवा र सेवा खरिद गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ९** : यस धनगढी नगरपालिकाको कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी शर्तहरू समान पदका लागि समान एकरूपता कायम हुने गरी व्यवस्था मिलाउन र निजहरूको म्याद थप सम्बन्धी कार्य गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्न निर्णय गरियो र यस पटकको लागि शहरी स्वास्थ्य सेवा केन्द्र, फोहरमैला व्यवस्थापन लगायत यस कार्यालयमा विभिन्न मिति देखि हालसम्म अविच्छिन्न करण सेवामा कार्यरत सबै कर्मचारीहरूको म्याद अर्को व्यवस्था नभएसम्मको लागि २०७२ साल आषाढ मसान्त सम्म थप गर्ने र निजहरूलाई हालसम्म भुक्तानी गरिएको तलब भत्ताको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : श्री नेपाल सरकार, सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, एकीकृत सहरी विकास आयोजना, आयोजना समन्वय कार्यालय, बबरमहल काठमाण्डौंको प.सं. ५/०७१/०७२ च.नं. १३८ मिति २०७१/७/२६ का प्राप्त पत्रानुसार एशियाली विकास बैंकको सहयोगमा Second Integrated Urban Development Project (SIUDP) सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका भीमदत्त-धनगढी कोरिडोरमा अवस्थित नगरपालिकाहरू मध्ये यस धनगढी नगरपालिकामा समेत लागु गर्ने प्रस्तावको जानकारी प्राप्त हुन आएको र यसको सँगसँगै मिति २०७१/७/२९ गते यस धनगढी नगरमा उक्त प्रस्तावित आयोजनाको समग्र अवधारणा आयोजनाको कार्यान्वयन विधि र उक्त उप-आयोजना छनौट एवं

सरोकारवालाहरूको भूमिका सम्बन्धमा एशियाली विकास बैंक, उक्त आयोजना समन्वय कार्यालयका प्रतिनिधिहरू धनगढी न.पा. सहित स्थानीय स्तरको सर्वदलीय, सर्वपक्षीय भेलामा भएका प्रस्तुतिकरण र छलफल निष्कर्षहरूलाई आजको बैठकमा पेश भै छलफल हुँदा एशियाली विकास बैंकको सहयोगमा उक्त Second Integrated Urban Development Project लागु हुन गइरहेकोमा सोको सहर्ष स्वागत गर्दै, नेपाल सरकारलाई धन्यवाद प्रकट गर्ने र उक्त आयोजनालाई सफल बनाउनको लागि योजना तर्जुमाको चरण देखि कार्यान्वयन तह सम्मको सबै चरणहरूमा सहयोग पुऱ्याउने प्रतिवद्धता प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** : यस धनगढी नगरपालिका, सुदूर पश्चिमाञ्चल विकास क्षेत्रकै सबैभन्दा पुरानो, प्रमुख औद्योगिक एवं व्यापारिक केन्द्रका साथै शहरीकरणको तीव्र रफ्तारमा रहेको शहर भएकाले, यसको व्यवस्थित विकासका लागि SMART CITY को रूपमा विकसित गर्न गुरूयोजना तर्जुमा गरी वैदेशिक लगानी भित्र्याउने वातावरण सृजना गर्न जरूरी देखिएकोले यस तर्फ पनि तत्परता देखाउन पहल गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२** : सार्वजनिक - निजी क्षेत्र साझेदारी प्रणालीलाई प्रोत्साहन र व्यवस्थापन गर्ने हेतुले यस धनगढी नगरपालिका क्षेत्रभित्र फोहरमैला व्यवस्थापन, बसपार्क सञ्चालन एवं व्यवस्थापन हाटबजार (कृषिजन्य तथा माछा मासु) सञ्चालन एवं व्यवस्थापन, पशु बधशालाको सञ्चालन एवं व्यवस्थापन उद्यान पार्क सञ्चालन एवं व्यवस्थापन, ताल तलैयारूको संरक्षण एवं प्रवर्द्धनका साथ राजश्व असुली कार्यमा सार्वजनिक नीजि साझेदारी अवधारणालाई क्रियान्वयन कार्यमा निरन्तरता प्रदान गर्दै साविकका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन सार्वजनिक नीजि क्षेत्र साझेदारी प्रर्वद्धन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३** : यस धनगढी नगरपालिका कार्यालयबाट सालबसाली हुने गरेको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत संभार गर्नुपर्ने सामानहरूको उचित समयमा मर्मत संभार गर्ने र लिलामी बिक्री गर्नुपर्नेको हकमा लिलामी बिक्री गर्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र प्रचलित कानून बमोजिम सरकारी कागजात धुल्याउने सम्बन्धी काम कारवाही अगाडि बढाउन नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४** : यस धनगढी नगरपालिका कार्यालयबाट चालु आ.व. देखि वडा नं. ९, १०, ११ र १२ को सेवा प्रवाहको लागि सम्बन्धित वडा र वडा नजिक पर्ने घुइयाघाटमा वडा समिति कार्यालयहरू स्थापना गरी सेवा प्रवाह भैरहेको र आगामी दिनहरूमा सम्बन्धित वडाहरूको सेवा प्रवाह सम्बन्धित बडा समिति कार्यालयहरू स्थापना गरी सेवा प्रवाहमा पहुँचता र प्रभावकारिता ल्याउन नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५** : यस धनगढी नगरपालिकाको वडा नं. ६ मा रहेको मटियारी शहरी स्वास्थ्य केन्द्रको आफ्नो भवन नरहेकोले सेवा प्रवाह गर्ने कार्यमा सेवा प्रदायक र सेवाग्राहीलाई कठिनाई श्रृजना भैरहेको हुँदा उक्त केन्द्रको भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिदिन श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** : यस धनगढी नगर क्षेत्रको सौन्दर्यीकरण अभिवृद्धि गर्नको लागि ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन सबै पार्किङ्गको व्यवस्थापन, सडक, नाली, सार्वजनिक जग्गाको अतिक्रमण हटाउन, अवैध संरचनाहरू हटाउन, आवश्यकतानुसार नगर बस, इलेक्ट्रिक रिक्सा र अन्य रिक्साहरूको व्यवस्थापन गर्न शहरको शोभा विगार्ने गरी राखिएका र अन्य जोखिमवाला होर्डिंग बोर्डहरू हटाउने कार्यमा निरन्तरता दिदै जाने र यसमा सम्बद्ध सरोकारवाला निकायहरू र पक्षहरूसंग आवश्यक समन्वय र सहकार्यका आधारमा यस कार्यलाई थप प्रभावकारी बनाउन नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १७** : यस धनगढी नगरपालिका कार्यालयद्वारा गत आ.व. २०७०/०७१ मा सञ्चालनमा ल्याई सम्पन्न भएका र चालु आ.व. २०७१/०७२ को पनि ०७१ मार्ग मसान्तसम्म सम्पन्न भै मिति २०७१/९/२७ सम्म जाँचपास तथा फरफारक समितिबाट सिफारिस भै आएका जाँचपास तथा फरफारक भएका योजनाहरूको विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८** : यस धनगढी नगर क्षेत्र आगलागीका हिसाबले ज्यादै नै जोखिमको अवस्थामा रहिरहेको र यसका लागि भएको एक थान दमकल पुरानो अवस्थाको मर्मत गरिरहनु भएकोले अर्को एक थान नयाँ दमकल खरीद गर्नुपर्ने आवश्यकता श्रृजना भएबाट सोको व्यवस्थाका लागि स्थानीय विकास शुल्क, जगेडा कोष कार्यक्रमबाट तोकिएको लागत सहभागिता यस नगरपालिकाले व्यहोर्ने गरी आयोजना माग फाराम भरी स्वीकृतिका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९** : धनगढी नगरपालिका कार्यालयको समष्टिगत कार्य प्रभावकारिताको अभिवृद्धि गरी जनसहभागिताको प्रवर्द्धन गर्दै सार्वजनिक सेवाको नजितामूलक प्रवाहका निमित्त संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा श्रीमान् सचिवज्यू र यस नगरपालिकाका कार्यकारी अधिकृत बीच मिति २०७१/९/८ गते ५३ वटा नतिजामूल कार्य सूचकहरू सम्पादन गर्न भएको कार्य सम्पादन सम्झौता बारे आजको बैठकमा पेश भै छलफल भयो । उत्कृष्ट नतिजा हासिल गर्नको लागि सामुहिक प्रयास आवश्यक पर्ने भएकोले यो कार्य सम्पादन सम्झौता नगरपालिकाका कार्यकारी अधिकृत र विभागीय शाखा प्रमुखहरू बीच पनि हुन आवश्यक देखिएबाट सो कार्य गरी नतिजा हासिल गर्न तर्फ लाग्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २०** : धनगढी नगरपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजनाको समयावधि चालु आ.व. देखि समाप्त हुने भई दोस्रो चरणको आवधिक योजनाको निर्माणको क्रममा यो नगरपालिका कार्यालय रहेकोमा, हाल संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग भएको कार्यसम्पादन सम्झौतामा आगामी दुई वर्ष भित्र नगरको समग्र नगरविकास योजना (Comprehensive Town Development Plan) निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था हुन आएकोले Comprehensive Town Development Plan निर्माणका लागि र त्यस्तै गरी अर्को व्यवस्थामा नगर यातायात गुरूयोजना तयार गरी सो अनुसार मात्र सडक निर्माण भएको मापन हुने प्रावधानलाई दृष्टिगत गरी यस नगरपालिकाको हालसम्म पनि नगर यातायात गुरू योजना नभएकोले नगर यातायात गुरू योजना (Municipal Transportation Master Plan)

तर्जुमाका लागि आवश्यक बजेटको व्यवस्था गरिदिन श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१** : धनगढी नगरपालिकाले आफ्नो नगरको भू-उपयोग योजनाको निर्माण गर्ने कार्यक्रम रहेको र व्यवस्थित बसोबासलाई पनि आवश्यक मापदण्ड बनाई Land Pooling कार्यक्रमलाई सञ्चालनमा ल्याउनुपर्ने भएकोले नगरपालिकाको स्वीकृत बेगर जग्गा प्लटिंग गर्ने कार्यलाई पूर्णत: बन्देज लगाउने र यस अघि नै प्लटिंग गरी व्यक्ति-व्यक्तिको नाममा घडेरीको रूपमा बिक्री भइसकेको घडेरीहरूमा नगरपालिकाले तोकेको सडक मापदण्ड पूरा गरेको अवस्थामा बाहेक पूर्वाधार विकासको लागि कुनै लगानी नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २२** : स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधी २०६७ र स्थानीय निकाय धनगढी सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार यस धनगढी नगरपालिका कार्यालयको गत आ.व. २०७०/०७१ लाई समेटि तयार गरिएको सामाजिक परीक्षण प्रतिवेदन र चालु आ.व. ०७१/०७२ को प्रथम चौमासिक अवधिमा सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन पेश भै छलफल हुँदा दुबै प्रतिवेदनले दिएका सुझवाहरूलाई आत्मसात गरी आगामी दिनहरूमा उक्त सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३** : यस धनगढी नगरपालिका कार्यालयद्वारा निर्माण गरी सम्पन्न गरेका भौतिक पूर्वाधार संरचनाहरूको मर्मत संभार गर्ने प्रयोजनका लागि स्थापना गरिएको मर्मत संभार विशेष कोषमा जम्मा हुने गरी चालु आ.व. २०७१/०७२ मा रू. १० (दश) लाख र आगामी आ.व. २०७२/०७३ का लागि पनि रू. १० (दश) लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४** : यस धनगढी नगर भूकम्पीय जोखिमको दृष्टिकोणले संवेदनशील नगरको रूपमा रहेको हुँदा धनगढी नगरपालिकाले मिति २०७०/५/१६ देखि नेपाल सरकार, भूकम्प प्रविधि राष्ट्रिय समाज (NSET), अक्सफाम नेपाल र स्थानीय साझेदार संस्था फाया नेपालका सहयोग र सहकार्यमा राष्ट्रिय भवन संहिता २०६० लाई कार्यान्वयनमा ल्याइएको र यसको हालसम्मको कार्यान्वय स्थिति सन्तोषजनक भए पनि अझै केही वर्ष दातृनिकायहरूको प्राविधिक एवं आर्थिक सहयोगलाई निरन्तरता दिनुपर्ने देखिन्छन् र यसबाट दिगो रूपमा यसमा आइपर्ने चुनौतीहरूलाई सम्बोधन गर्न सकिन्छ भन्ने मान्यताका आधारमा दिगो संस्थागत एवं क्षमता विकासका लागि नेपाल सरकार, भूकम्प प्रविधि राष्ट्रिय समाज, अक्सफाम नेपाल र फाया नेपाल, कैलालीलाई सहयोगको निरन्तरताका निम्ती अनुरोध गर्ने र हालसम्मको सहयोगलाई धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५** : यस धनगढी नगरपालिकाको स्वीकृत योजना तथा कार्यक्रमहरूमा विनियोजन गरिएको बजेट नेपाल सरकारको निशर्त र सशर्त अनुदानबाट र नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी व्यवस्था एवं अनुमान प्रक्षेपण गरिएको हुन्छ । उक्त अनुमान प्रक्षेपण अनुसार केन्द्रिय निकायहरूबाट पनि बजेट उपलब्ध नहुने आन्तरिक स्रोत पनि अनुमान गरे अनुसारको पुरै संकलन नहुने हुनाले बजेट कटौती हुँदा स्वभावत: केही कार्यक्रम र बजेटमा संशोधन गर्नुपर्ने हुने र विकास कार्यक्रमहरूको कार्यान्वयन गर्दाका बखत समस्या आइपर्दा संशोधन गर्नुपर्ने हुन आउने हुँदा स्वीकृत वार्षिक बजेट योजना तथा कार्यक्रमहरूको

औचित्यता र आवश्यकताको आधारमा संशोधन गरी अनुमोदनका लागि त्यसपछिको नगरपरिषदको बैठकमा पेश गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :** यस धनगढी नगरपालिकामा नगरपरिषदका बैठकहरूबाट गठन भै हालसम्मको अवधिमा समेत क्रियाशील रहेका कानूनमा व्यवस्था भएका अतिरिक्त पेश्की तथा बेरूजु फछ्र्यौट समिति, सुशासन व्यवस्थापन समिति, जाँचपास तथा फरफारक समिति, बोलपत्र मूल्यांकन समितिलाई निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ :** यस धनगढी नगरपालिका अन्तर्गत वडास्तरको समुदायमा विपद जोखिम न्यूनीकरण पूर्व तयारी विपदको समयमा उद्दार राहत कार्यलाई प्रभावकारी बनाउन सबै वडाहरूमा आपतकालिन विपद व्यवस्थापन कोषको स्थापना गरिएकोमा सो को अनुमोदन गर्दै उक्त कोष सञ्चालनार्थ आपतकालिन कोष व्यवस्थापन कार्यविधी २०७१ तर्जुमा गरी सञ्चालनमा ल्याइएकोले सो को पनि अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :** सुदूर पश्चिमाञ्चल क्षेत्र अन्तरगत हालसम्म एउटा पनि उप–महानगरपालिका नभएको र धनगढी नगरपालिका यस क्षेत्रकै पुरानो एवं अग्रणी नगरपालिका रहेकोले छिमेकी गा.वि.स. उर्मा र फूलवारी गा.वि.स. लाई आवद्ध गरी धनगढी नगरपालिकाको क्षेत्र विस्तार सहित उप–महानगरपालिकाको रूपमा स्तरोन्नति गर्न नेपाल सरकारलाई अनुरोध गर्न निर्णय गरियो ।

**निर्णय नं. २९ :** श्री नेपाल सरकार, संघीय मामिला तथा स्था.वि. मन्त्रालयको प.सं. ०६८/६९, च.नं. २७३ मिति २०६८/९/२० को परिपत्रानुसार प्राप्त जिम्मेवारीको आधारमा यस धनगढी नगरपालिका कार्यालयको कार्यकारी अधिकृतबाट नगरपालिका प्रमुख र न.पा. बोर्डको हैसियतले चालु आ.व. अन्तरगतको २०७१ पौष २७ गते सम्म भए गरेका सबै निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० :** धनगढी नगरलाई क्रिकेट शहरको रूपमा विकास गर्ने र यसको पूर्वाधार विकासको लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ :** धनगढी नगरपालिकाको यस अघिका नगरपरिषद्को बैठकबाट पारित भै कार्यान्वयन हुन नसकेका निर्णयहरूलाई प्रचलित कानूनको परिधीमा रही आवश्यक कार्यान्वयन गर्न निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२ :** यस धनगढी नगरपालिकाको एघारौं नगरपरिषदको बैठकको उद्घाटन समारोहको उद्घाटन गरिदिनु भएका प्रमुख अतिथि संविधान सभाका सदस्यमा श्री पुस्करनाथ ओभ्induाज्यू र विशिष्ट अतिथि संविधान सभाका सदस्यमा श्री प्यारेलाल रानाज्यूप्रति धन्यवाद प्रकट गर्ने र उक्त परिषदको बैठकलाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुर्‍याउनु हुने राजनैतिक दलहरू, सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाज वडा नागरिक मञ्चहरू नागरिक सचेतना केन्द्रहरू, टोल विकास संस्थाहरू समाजसेवी, लब्ध प्रतिष्ठित महानुभावहरू, संचार कर्मीहरू लगायत धनगढी नगरबासी दिदी बहिनी तथा दाजुभाइहरू र नगरपालिका कार्यालयका सम्पूर्ण कर्मचारीहरू प्रति धन्यवाद प्रकट गर्ने निर्णय गरियो । आजको नगरपरिषदको बैठक अन्त गरियो ।